### कैलालीका पत्रकारहरू आन्दोलनमा

# दोषीले संरक्षण पाउँदा शृंखलाबद्ध आक्रमण

**सीताराम ओझा/प्रदीप पाठक**

**धनगढी, २९ भदौ**




शुक्रबार दिउँसो करिब १२ बजेको समयमा कैलालीको धनगढीस्थित दिनेश सञ्चारगृहमा प्रवेश गरी एउटा समूहले सांघातिक हमला गर्‍यो । सञ्चारगृहको समाचार कक्षमा काम गरिरहेको अवस्थामा सहायक सम्पादक जनक विष्टसहितका पत्रकार र व्यवस्थापक अमिता कुँवर, प्राविधिक कल्पना सिंह लगायतमाथि कुटपिट र दुर्व्यवहार गरिएको थियो । प्रहरीलाई उद्धृत गर्दै प्रकाशित गरिएको समाचार हटाउन भन्दै उक्त सञ्चार माध्यममा पुगेको समूहले आक्रमण गरेको थियो ।

आक्रमणमा संलग्न व्यक्तिहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्ने माग गरिए पनि हालसम्म प्रहरीले उनीहरूलाई पक्राउ गर्न नसकेको पत्रकार महासंघ कैलालीका कोषाध्यक्ष हिमाल जोशीले बताउनुभयो । यसअघि पनि सोही सञ्चारगृहमै आवद्ध पत्रकारहरूलाई पटक-पटक आक्रमण गरिएको थियो, भने कैलालीसहितका अन्य जिल्लामासमेत गत वर्ष मात्र पत्रकारमाथि आक्रमण गरी कुटपिट भएका दर्जन बढी घटना सार्वजनिक भएका थिए । केही महिनापहिले मात्र कान्तिपुर दैनिकका पत्रकार गणेश चौधरीमाथि कैलालीको टीकापुरमा कुटपिट भएको थियो । तर पत्रकार र सञ्चार गृहमाथि आक्रमण हुँदा समेत सरोकारवाला निकाय गम्भीर नबन्दा सोही प्रकृतिका घटना दोहोरिँदै जान थालेका छन् ।

'सञ्चार माध्यममा प्रकाशन र प्रशारण भएका समाचारप्रति कुनै विमति भए कानूनी उपचार खोज्न सकिने भए पनि भौतिक आक्रमण हुन थालेपछि पत्रकार असुरिक्षत भएका छन्,' नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य दिलबहादुर छत्यालले भन्नुभयो, 'प्रहरी प्रशासनले पनि दोषीलाई कारबाही गर्न लापरबाही गरिरहेको छ, यसकारण पत्रकारमाथि हुने शृंखलाबद्ध आक्रमण रोकिएका छैनन् ।'

नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेशका अध्यक्ष अर्जुन शाहले यस अघिका घटनामा पनि संलग्नहरूलाई कडा कारबाहीको माग गरिएको बताउनुभयो । उहाँले अहिलको घटनाका दोषीलाई पनि कानूनको दायरामा ल्याउन सिंगो पत्रकार महासंघ लाग्ने प्रतिबद्धता जनाउनुभयो । सार्वजनिक स्थानमै पत्रकारलाई आक्रमण गर्नेहरू खुलेआम हिड्ने गरेको भएपनि प्रहरी प्रशासनले समेत नियन्त्रणमा लिन सकेको छैन । घटना भएको केही दिनसम्म निकै चर्चा हुने र कारवाहीका लागि एक आवाज सुनिने भए पनि केही समयपछि त्यस्ता घटना सेलाउने गरेका छन् ।

आम सञ्चार माध्यम र पत्रकारमाथि हुने आक्रमण, कुटपिट, दुर्व्यवहारका घटनालाई गम्भीर रुपमा लिएर दोषीलाई कारवाही गर्न सम्बन्धित निकायले तदारुकता देखाउनुपर्ने मानव अधिकार आयोग सुदूरपश्चिमका प्रमुख झंकर रावलको भनाइ छ । तर पत्रकारमाथि आक्रमण गर्नेहरूलाई राजनीतिक संरक्षण दिने प्रवृत्ति मौलाउँदै गएको छ ।

### पत्रकारहरू आन्दोलनमा

दिनेश सञ्चार गृह र पत्रकारमाथि आक्रमण गर्नेलाई कारबाहीको माग गर्दै कैलालीका पत्रकार आन्दोलित भएका छन् । पीडित पक्षले कुटपिट गर्नेलाई कारबाहीको माग गर्दै किटानी जाहेरी दिएपनि प्रहरीले संलग्नलाई पक्राउ नगरेको भन्दै धनगढीमा भएको पत्रकारहरूको भेलाले नेपाल पत्रकार महासंघ कैलालीको अगुवाइमा चरणवद्ध आन्दोलन गर्ने घोषणा गरेको हो ।

आन्दोलन अन्तर्गत पहिलो दिन धनगढीको पार्क मोडबाट जिल्ला प्रशासनसम्म र्‍यालीको आयोजना गरिएको थियो । पत्रकारमाथि आक्रमण गर्नेलाई कारबाहीको माग गर्दै नेपाल पत्रकार महासंघ जिल्ला शाखा कैलालीले आन्दोलन जारी राखेको छ । पीडितपक्षले कुटपिट गर्नेलाई कारबाहीको माग गर्दै किटानी जाहेरी दिए पनि प्रहरीले संलग्नलाई पक्राउ नगरेको भन्दै जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिएका छन् ।

### मुख्यमन्त्रीको ध्यानाकर्षण

नेपाल पत्रकार महासंघ कैलाली शाखाले सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टलाई ध्यानाकर्षण गराएको छ । कैलालीमा पत्रकार र सञ्चारगृहमा पटक-पटक हमला हुन थालेको भन्दै ध्यानाकर्षण गराएको हो । नेपाल पत्रकार महासंघ कैलाली शाखाको ध्यानाकर्षण पत्र बुझ्दै मुख्यमन्त्री भट्टले घटनामा संलग्नलाई कारवाही हुने बताउनुभयो ।

'सञ्चार गृहमाथि आक्रमण भएको जानकारी पाउनेबित्तिकै मैले प्रहरी, प्रशासनसँग कुराकानी गरेको थिएँ,' मुख्यमन्त्री भट्टले भन्नुभयो, 'आज पनि कैलालीका प्रमुख जिल्ला अधिकारीसँग घटनाबारे जानकारी लिएको छु । घटनामा संलग्नलाई कारबाही गर्न भनेको छु ।'

# पाँच दिनभित्रै बेलझुण्डीमा आइसियु सेवा




**विवेक खड्का/हिटा**

**दाङ, २९ भदौ**

५ नं. प्रदेशका सामाजिक विकास मन्त्री सुदर्शन बरालले दबाब दिएपछि दाङको बेलझुण्डीस्थित कोरोना विशेष अस्पतालमा पाँच दिनभित्रै आइसियु सेवा सञ्चालन हुने भएको छ । अस्पताल व्यवस्थापनका सदस्य सचिव डा. सर्वेश शर्माले मन्त्री बरालले बोलेकै समयमा कोरोना विशेष अस्पतालमा आइसियु सेवा सञ्चालन गर्ने बताउनुभयो ।

'वरिष्ठ कन्सल्टेन्ट फिजिसियन डा. जितनारायण यादवको नेतृत्वमा एनेस्थेसियाका डाक्टरसहितको टिमले आगामी पाँच दिनभित्रै कोरोना विशेष अस्पतालमा आइसियु सेवा सञ्चालनमा ल्याउनमा विश्वस्त छु, आवश्यक उपकरण जडान र मोनिटर व्यवस्थापनको काम भइरहेका छन्', सदस्य सचिव शर्माले भन्नुभयो । तत्कालीन प्रादेशिक अस्पताल तुलसीपुरमा आइसियु सेवाका लागि लिइएका उपकरणहरू बेलझुण्डीमा लगिएका छन् । दुवै अस्पताल प्रादेशिक भएकाले एक अस्पतालका सामान अर्को अस्पतालमा लैजान मुख्यमन्त्री शंकर पोखेलले फुकुवा गर्नु भएको थियो ।

तर, बेलझुण्डी कोरोना विशेष अस्पतालका लागि कुनै स्थायी दरबन्दी भने प्रदेश सरकारले तोक्न सकेको छैन । यहीँकै अस्पतालका जनशक्तिलाई काजमा लगेर कोरोना विशेष अस्पताल सञ्चालन गर्दा अन्य नियमित बिरामीहरूका लागि भने बरिष्ठ फिजिसियन सेवा भने कटौती भएको छ ।

कोरोना विशेष अस्पताल स्थापनाकै क्रममा तत्कालीन तुलसीपुर अञ्चल अस्पतालमा सेवाका लागि तयारी अवस्थामा रहेका मेसिनलाई ल्याएर जडान गरे पनि बेलझुण्डी कोरोना विशेष अस्पतालमा आइसियु र भेन्टिलेटर सेवा सञ्चालन भने हुन सकेको छैन । मुख्यमन्त्री पोखरेलले बेलझुण्डी कोरोना विशेष अस्पताल सञ्चालनका सन्दर्भमा आवश्यक उपकरण र जनशक्तिका विषयमा कुनै पनि पहल नगरेकोमा तुलसीपुरबासीको गुनासो छ ।

# राजनीतिकर्मी बराल कुखुरापालनमा रमाउँदै

**दीपक घिमिरे/हिटा**

**भैरहवा, २९ भदौ**



विश्वराज बराल (अनुप), तत्कालीन नेकपा (माओवादी) तथा हालको नेकपाका पूर्णकालीन कार्यकर्ता हुनुहुन्छ । जिम्मेवारीको हिसाबले उहाँ नेकपाको प्रदेश नम्बर कमिटी सदस्य तथा रुपन्देही क्षेत्र नम्बर- ३ का इञ्चार्ज पनि हुनुहुन्छ । उहाँले गएको संसदीय निर्वाचनमा रुपन्देही क्षेत्र नम्बर ३ (१) बाट प्रदेशसभा सदस्यका लागि उम्मेदवारी दिनुभएको थियो । प्राथमिक तहको अध्ययन गर्दादेखि नै राजनीतिमा रुची राख्दै विद्यार्थी राजनीतिमा होमिनुभएका अनुप अहिले पनि सक्रिय राजनीतिमै हुनुहुन्छ । तत्कालीन नेकपा एमाले निकटको अनेरास्ववियुबाट २०४६ सालदेखि राजनीतिक यात्रा सुरु गर्नुभएका उहाँले २०५५ सालदेखि नेकपा माओवादीको पूर्णकालीन कार्यकर्ता भएर काम गर्नुभयो । कास्कीको दुर्गम ठाँउ मादी गाउँपालिकामा जन्मिनुभएका उहाँ पढ्दै राजनीति गर्ने क्रममा छोटो समयमा धेरै जिल्लाको राजनीतिक नेतृत्व तहमा बसेर काम गरिसक्नुभएको छ ।

लामो समयदेखि निरन्तर रुपमा राजनीति मात्रै गर्दै आउनुभएका अनुपले अहिले भने आफ्नो परिचयलाई फराकिलो बनाउनुभएको छ । राजनीतिले मात्रै आफ्नो जीवन नचल्ने भएपछि उहाँले आफ्नो राजनीतिक जीवनलाई समस्यामा नपार्ने गरी कृषिकर्ममा जुटेको बताउनुहुन्छ । उहाँको कामलालाई श्रीमती गंगा कार्कीले पनि साथ दिनुभएको छ । उहाँहरूले अहिले रुपन्देहीको तिलोत्तमा-१४ मा रहेको एक कठ्ठा दुई धुर क्षेत्रफलको आफ्नै जग्गामा कुखुरापालन गरिरहनुभएको छ ।

राजनीतिकर्मी पनि अब उत्पादनसँग जोडिएर समृद्धिको यात्रामा अगाडि बढ्नुपर्दछ भन्ने लागेर आफू कुखुरापालन व्यवसायमा लागेको उहाँले बताउनुभयो । 'आम नागरिकले नेताहरूको आर्थिक स्रोत र विलासी जीवनशैलीप्रति प्रश्न उठाइरहेका छन्, यो राजनीतिकर्मीका लागि राम्रो प्रश्न होइन, आर्थिक स्रोतबाट अगाडि बढ्नुपर्छ भन्ने लागेर म र श्रीमती कुखुरापालनमा लागेका हौं । राजनीतिकर्मीहरू अब उत्पादनसँग जोडिनुपर्छ, उत्पादनसंग जोडिएर आएको आर्थिक स्रोतबाट जीविकोपार्जन गर्न सकियो भने नेताप्रति जनताको आशा र भरोसा विस्तारै बढ्दै जान्छ,' उहाँले भन्नुभयो 'समाजवादको कुरा गर्ने अहिलेका राजनीतिक दलले आफ्ना नेता तथा कार्यकर्तालाई उत्पादनसँग नजोड्ने हो भने कसरी आर्थिक समृद्धि हासिल गर्न सकिन्छ ।' उहाँहरूले भरोसा कुखुरापालन फर्म दर्ता गरेर व्यावसायिक रूपमा कुखुरापालन गरिरहनुभएको छ । सुरुवाती लकडाउनको समयमा कुखुरापालनका लागि खोर निर्माण गर्नुभएका उहाँहरूले असारमा चल्ला हाल्नुभएको थियो । पहिलो लटमा १९२ वटा कुखुरा, ७९ वटा बट्टाई र ६ वटा कालो कुखुरा राखेर फर्म सञ्चालन गरिरहेको उहाँले बताउनुभयो । 'जीवनलाई सहज बनाउनका लागि कुखुरापालन व्यवसायमा लागेका छौं, यद्यपि हाम्रो राजनीतिक यात्रा भने जारी नै छ,' ।

# नेपाली कांग्रेस नेता गुरुङको निधन



**पोखरा/हिटा ।** नेपाली कांग्रेस कास्कीका नेता तथा प्रदेशसभा उमेदवार भोजबहादुर गुरुङको निधन भएको छ । ५८ वर्षको उमेरमा गुरूङको उपचारका क्रममा उहाँको निधन भएको हो । गुरुङ मधुमेहको समस्याबाट पीडित हुनुहुन्थ्यो ।

गुरूङको असामयिक निधनले नेपाली कांग्रेसमा अपूरणीय क्षति पुगेको नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण केसीद्वारा जारी विज्ञप्तिमा भनिएको छ । उहाँको सोमबार पोखरास्थित रामघाटमा दाहसंस्कार गरिएको थियो । उहाँको पार्थिव शरीरमा पूर्वसभामुख तारानाथ रानाभाट, पूर्वसांसदहरू शुक्रराज शर्मा, यज्ञबहादुर थापा तथा पार्टीका केन्द्रीय सहमहामन्त्री डा. प्रकाशशरण महतले पार्टीको झन्डा ओढाएर अन्तिम श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । गुरुङलाई अन्तिम श्रद्धाञ्जली दिँदै सहमहामन्त्री डा. महतले पार्टीले एउटा असल नेता गुमाएको बताउनुभयो । कास्की ३ नं. क्षेत्रका पार्टीसभापति पोषनाथ शर्माले स्व. गुरुङ बालसखा भएको बताउँदै कास्की कांग्रेसका उनको निधन अपूरणनीय क्षति भएको विज्ञप्तिमार्फत जनाउनु भएको हो । स्व. गुरुङका श्रीमती, दुई छोरा छन् ।

## अपराध/दुर्घटना

### बञ्चरो प्रहार गरी आमाको हत्या

**झापा/हिटा ।** झापाको कमल गाउँपालिकामा बञ्चरो प्रहार गरी आफ्नै छोराले आमाको हत्या गरेका छन् । कमल गाउँपालिका-७ बाह्रघरे निवासी २४ वर्षीय दिनेश ऋषिदेवले आइतबार राति ५० वर्षीया आमालाई बञ्चरो प्रहार गरी हत्या गरेका हुन् । हत्यामा संलग्न दिनेशलाई प्रहरीले पक्राउ गरी थप अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिनुभयो ।

### श्रीमतीका हत्या आरोपी २० वर्षपछि पक्राउ

**काठमाडौं/हिटा ।** आफ्नै श्रीमतिको हत्या गरी फरार एक अभियुक्तलाई प्रहरीले २० बर्षपछि पक्राउ गरेको छ । पक्राउ पर्नेमा दोलखाको भीमेश्वरस्थित ताथली घर भई काठमाडौंमा बस्दै आएका अरुणकुमार रिजाल छन् । उनीमाथि श्रीमती दिलमायाको विसं २०५७ मा हत्या गरेको आरोप लागेको थियो । घटनापछि फरार हुँदै आएका उनलाई पक्राउ गरी जिल्ला अदालत काठमाडौंमा पेश गरिएकामा अदालतले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । दिलमाया आफ्नै कोठामा मृतावस्थामा फेला पर्नुभएको थियो । तत्कालीन समयमा महानगरीय प्रहरी वृत्त कालिमाटीबाट अनुसन्धान गर्दा रिजालले नै घाँटी थिची कर्तव्य गरी मारेको खुल्न आएको थियो । त्यसपछि उनी फरार थिए । उनलाई महानगरीय प्रहरी वृत्त कालीमाटीले पक्राउ गरी जिल्ला सरकारी वकिल कार्यालय बबरमहल काठमाडौं बुझाएको थियो ।

**लेटाङ नगरपालिका**
मोरङ

ठेक्का नं. LM/MOR/NCB/AM/W/02/077-78 को सम्बन्धमा मिति २०७७/०५/२४ मा प्रकाशित सूचनाको सि.नं. ८ मा Bid Security रकम १५,००,०००।० हुनुपर्नेमा अन्याथा भएकोले सच्याईएको व्यहोरा अनुरोध छ ।

**Sunchhahari Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Pobang, Rolpa**

**Invitation for Sealed Quotation**

***(Date of publication : 2077/05/30)***

**Contract Identification No: 03/WORKS/SQ/SRM/077-78**

1. The Sunchhahari Rural Municipality invites sealed quotations for the **Supply Delivery and Installation of Optical Fiber Cable**. (**Location:-** From Sulichaur to Gadbang, Gadbang to Mehaldhar Ma.Vi and Gadbang to Pobang).The estimated amount for the works is ***12 Lakhs.***
2. A complete set of Bidding Documents may be purchased from the office Sunchhahari Rural Municipality, Pobang, by eligible Bidders on the submission of a written application, along with the copy of company/firm/Internet Service Provider's Registration certificate, PAN/VAT/TAX Registration, Tax Clearance Certificate up to the last FY 2076/077 and upon payment of a non-refundable fee of **NRs. 1000.00** till **13th Asoj 2077** during office hours.
3. Sealed bids must be submitted to the office Sunchhahari Rural Municipality by on or before 12 hours (Local Time) on **14th Asoj 2077**. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13 hours on 14th Asoj 2077** at the office of Sunchhahari Rural Municipality, Pobang, Rolpa. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs.36,000**, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in **Ga.3 Sunchhahari Dharauti Khata: 43525240600003**, at **Nepal SBI Bank Ltd, Sunchhahari, Rolpa**, or in any A Class Commercial Bank accredited by Nepal Rastra Bank and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
7. For Detail Information Eligible Bidders may visit Municipality website at www.sunchhaharimun.gov.np, or may contact on 9840060326.

**Chief Administrative Officer**

**पंचदेवल विनायक नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**विनायक, अछाम**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**सेवा करारमा लिने सम्बन्धी सूचना**

मिति : २०७७।५।३०

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी 'स्थानीय तहमा कोभिड-१९ अस्थायी अस्पताल सञ्चालन मार्गदर्शन, २०७७' अनुसार यस नगरपालिकामा ५ शैयाको अस्थायी अस्पताल सञ्चालन गर्न तपसिलका पदहरूमा तीन महिनाका लागि सेवा करारमा जनशक्ति आपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट नेपाली नागरिकताको प्रमाणपत्र, आफूले प्राप्त गरेका शैक्षिक योग्यता र अनुभवका प्रमाणपत्रका प्रतिलिपिहरू संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

| वि.नं. | पद | संख्या |
|---|---|---|
| ०१-०७७।७८ | मेडिकल अधिकृत | १ |
| ०२-०७७।७८ | स्टाफ नर्स | २ |

**योग्यताः**

१) नेपाली नागरिक
२) न्युनतम शैक्षिक योग्यता
- विज्ञापन नं. ०१-०७७।७८ का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट MBBS वा सो सरहको योग्यता प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भई नवीकरण समेत भएको ।
- विज्ञापन नं. ०२-०७७।७८ का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भई नवीकरण समेत भएको ।

३) **उमेरः** पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
४) प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको
५) **दरखास्त दस्तुरः** रु. १०००।-
६) **परीक्षाको किसिमः** अन्तरवार्ता
७) **छनौट परीक्षा मितिः** २०७७ असोज ७ गते, समयः बिहान १० बजे
८) **सेवा सुविधाः** नेपाल सरकारको नियम र नगर कार्यपालिकाको निर्णयानुसार

**पुनश्चः** यस नगरपालिकाको वेवसाइट www.panchadewalbinayakmun.gov.np बाट दरखास्त फाराम डाउनलोड गरी विनायकस्थित माछापुच्छ्रे बैंकमा रहेको यस नगरपालिकाको आन्तरिक राजश्व खाता नं. ८४०१५२४६५२९३६०५१ मा रु. १०००।- जम्मा गरेको भौचर संलग्न राखी कार्यालयको इमेल ठेगाना info@panchadewalbinayakmun.gov.np मा वा कार्यालयमा आई दरखास्त पेश गर्न सकिने छ । थप जानकारीका लागि कार्यालयमा सम्पर्क राख्नु होला ।

**पदपूर्ति समिति**

CMYK